# भारतीय राजदूतावास

# काठमाडौँ

## प्रेस विज्ञप्ति

१२ औं अन्तर्राष्ट्रिय योग दिवस मनाउन काठमाडौँस्थित भारतीय राजदूतावास र वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले २२ वटा योग कार्यक्रमको आयोजना गरे जसमा काठमाडौँ, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगंज, हेटौँडा, सखुवा प्रसौनी, पोखरिया र बरियारपुर सहित नेपालका ११ वटा सहर तथा नगरपालिकाहरुका १३,००० भन्दा बढी योगमा अभिरुचि राख्नेहरुको सहभागिता रहेको थियो ।

२. “स्वस्थ बुढ्यौलीका लागि योग” भन्ने यस वर्षको नारा अनुरुप भारतीय राजदूतावासले मिति २०८३ जेठ १ गते पवित्र पशुपतिनाथ मन्दिरमा योग प्रदर्शन सहितको एक कर्टेन रेजर कार्यक्रमको आयोजना गर्‍यो ।

३. भारतीय राजदूतावासले काठमाडौँ उपत्यकाका छ वटा युनेस्को विश्व सम्पदा स्थलहरुमा योग आसन प्रदर्शन कार्यक्रमहरु आयोजना गरेको थियो जस अन्तर्गत: जेठ १ गते पशुपतिनाथ मन्दिरमा; जेठ ७ गते काठमाडौँ दरबार स्क्वायरमा; जेठ ८ गते बौद्धनाथ स्तूप र स्वयम्भूनाथ स्तूपमा; जेठ १२ गते चाँगुनारायण मन्दिरमा; र जेठ २४ गते पाटन दरबार स्क्वायरमा रहेका थिए । यी कार्यक्रमहरुमा योगप्रेमीहरु, सेलिब्रेटीहरु, स्थानीय निकायका अधिकारीहरु, सोसल मेडिया इन्फ्लुएन्सरहरु, नेपालका योग संस्थाहरु र भारतीय डायस्पोराका सदस्यहरुको सक्रिय सहभागिता रहेको थियो ।

४. यसै गरी मिति २०८३ जेठ २२ गते काठमाडौंस्थित केन्द्रीय विद्यालयको विद्यालय परिसरमा काठमाडौंका विभिन्न विद्यालयका २०० भन्दा बढी विद्यार्थीहरुको सहभागितामा एक छुट्टै योग सत्रको आयोजना गरिएको थियो ।

५. दूतावासले मिति २०८३ असार २ गते एक योग कार्यक्रम आयोजना गर्न त्रिभुवन विश्वविद्यालयको आयुर्वेद क्याम्पससँग साझेदारी गरेको थियो । सो अवसरमा विभिन्न विद्यालय र विश्वविद्यालयका विद्यार्थीहरुका लागि आयुर्वेदिक उत्पादनहरुको प्रदर्शनी सहितको 'आयुर्वेद एक्स्पो' का साथै समग्र कल्याणका लागि आयुर्वेदको महत्व र फाइदाहरुलाई उजागर गर्दै "मनोवैज्ञानिक कल्याणका लागि आयुर्वेद" विषयक व्याख्यान पनि आयोजना गरिएको थियो ।

६. मिति २०८३ असार ५ गते मध्यनेपाल नगरपालिकासँगको सहकार्यमा रमणीय लमजुङ जिल्लामा एक योग प्रदर्शन आयोजना गरिएको थियो । यसै गरी भारतीय राजदूतावासले पोखराका तीनवटा प्रमुख स्थलहरु क्रमश: अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्यावलोकनका लागि प्रसिद्ध सराङकोट भ्युपोइन्टमा; आध्यात्मिक शान्ति र मनै लोभ्याउने दृश्यको सङ्गम रहेको पुम्दीकोटस्थित शिव मन्दिरमा; र रमणीय अनदु डाँडामा रहेको शान्ति स्तूपमा पनि योग प्रदर्शन सञ्चालन गर्‍यो ।

७. योगको उत्सवलाई निरन्तरता दिँदै भारतीय राजदूतावासले मिति २०८३ असार ६ गते पोखराको शान्त फेवातालको किनारमा एक बृहत् योग तथा ध्यान सत्रको आयोजना गर्‍यो । ४०० भन्दा बढी सहभागीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमले मानवलाई प्रकृतिसँग जोड्ने योगको गहिरो क्षमतालाई उजागर गरेको थियो ।

८. मिति २०८३ असार ६ गते भारतीय राजदूतावासले लुम्बिनी विकास कोषसँगको सहकार्यमा लुम्बिनीमा एक बृहत् योग प्रदर्शनको आयोजना गर्‍यो जसमा ६०० भन्दा बढी योग प्रेमीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री

कृष्णबहादुर घर्तिमगर प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो । यसका साथै भगवान बुद्धको जन्मस्थल मायादेवी मन्दिर परिसरमा पनि योग प्रदर्शनको आयोजना गरिएको थियो ।

९. नेपालमा आयोजित अन्तर्राष्ट्रिय योग दिवस २०२६ को उत्सवको मुख्य आकर्षण मिति २०८३ असार ७ गते पोखरा महानगरपालिकासँगको सहकार्यमा पोखरा रङ्गशालामा आयोजित एक भव्य योग प्रदर्शन थियो । उक्त कार्यक्रममा ८,००० भन्दा बढी योग साधकहरुको उत्साहजनक सहभागिता रहेको थियो भने गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे प्रमुख अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवका साथै पोखरा महानगरपालिका र कास्की जिल्ला प्रशासनका प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो । यति ठूलो मात्रामा उत्साहजनक सहभागिताले स्वस्थ जीवनशैलीको माध्यमको रुपमा योगलाई बढ्दो रुपमा अपनाएको झल्काउँछ । यसले भारत र नेपालबीचको बलियो जनता-जनताबीचको सम्बन्धलाई पनि प्रतिविम्बित गर्दछ । उक्त कार्यक्रम दूतावासका सोसल मेडिया प्लेटफर्मबाट प्रत्यक्ष प्रसारण (लाइभ स्ट्रिमिङ) समेत गरिएको थियो ।

१०. वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासले पनि जनकपुर, चितवन, वीरगंज, हेटौँडा, सखुवा प्रसौनी, पोखरिया र बरियारपुरमा अन्तर्राष्ट्रिय योग दिवसका कार्यक्रमहरु आयोजना गर्‍यो ।

११. यस वर्षको योग कार्यक्रमहरुको उत्सवमा सरकारी अधिकारीहरु, स्थानीय संस्थाहरु, विद्यालयहरु, विश्वविद्यालयहरु, महानगरपालिकाहरु, साँस्कृतिक सम्पदा स्थलहरु, योग संस्थाहरु र नेपालमा रहेका भारतीय डायस्पोरासँगको सहकार्य तथा संलग्नता देखियो ।

१२. नेपालस्थित भारतीय राजदूतावास योग कार्यक्रमहरुको आयोजना मार्फत भारत र नेपालबीचको जनता-जनताबीचको सम्बन्ध तथा साँस्कृतिक आदानप्रदानलाई बढावा दिन निरन्तर प्रतिबद्ध रहेको छ ।

काठमाडौँ

२०८३ असार ७